# स्थानीय राजपत्र

परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः १ संख्याः १७ मितिः २०७५/०६/१४

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग २

स्थानीय सरकार

## नगर प्रहरी कार्यविधि २०७५

प्रस्तावनाः

परशुराम नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णयको कार्यान्वयन, सम्पत्तिको सुरक्षा र संरक्षण लगायत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ (क) बमोजमका कार्यहरु गर्न परशुराम नगपालिकाको प्रशाशकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७५ को नियम ३ बमोजिम परशुराम नगर



कार्यपालिकाको वैठकबाट यो परशुराम नगरपालिकाको नगर प्रहरी कार्यविधि २०७५ स्वीकृत गरि जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम परशुराम नगर प्रहरि कार्यविधि २०७५ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) नगर प्रहरी भन्नाले परशुराम नगरकार्यपालीकाबाट यस कार्यविधि वमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्छ ।

(ख) प्रमुख भन्नाले परशुराम नगरपालीकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) उप-प्रमुख भन्नाले परशुराम नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(घ) प्रमुख प्रशाशकीय अधिकृत भन्नाले परशुराम नगरपालीकाको प्रमुख प्रशाशकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) कार्यालय भन्नाले परशुराम नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) पदपुर्ति समिति भन्नाले परशुराम नगरपालिकाको पदपुर्ति समितिलाई जनाउने छ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, तह विभाजन, रेखदेख र नियन्त्रण

(३) परशुराम नगरपालिकामा देहाय बमोजिमको एक नगर प्रहरी सेवा समूह रहने छ ।

क) नगर प्रहरी निरिक्षक

ख) नगर प्रहरी नायब निरिक्षक

ग) नगरप्रहरी सहायक निरिक्षक

घ) नगर प्रहरी हवल्दार

ङ) नगर प्रहरी जवान

च) नगर प्रहरी सहयोगी

(४) नगर प्रहरीको विभिन्न तहका दरवन्दिहरुको श्रृजना तथा खारेजी नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तब्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिने छ । नगर प्रहरीको देहायका पदहरुमा खुला प्रतियोगिता द्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अन्य पदहरुमा बढुवा द्वारा पूर्ति गरिनेछ ।

क) नगर प्रहरी निरिक्षक

ख) नगरप्रहरी सहायक निरिक्षक

ग) नगर प्रहरी जवान

घ) नगर प्रहरी सहयोगी





(५) (१) परशुराम नगरपालिकाको नगरकार्यपालिकाबाट तोकिए वमोजिम सेवा करार वा ज्यालादारीमा नगर प्रहरीको आवस्यक दरवन्दि सिर्जना गरिने छ ।

(२) उपदफा (१) बमोजिम पदपुर्ति गर्न पदपुर्ति समितिले छनौटका आवस्यक प्रक्रिया पुरा गरी नियुक्तिका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(३) नगरकार्यपालिकाले पदपुर्ति समितिको सिफारिस अनुसार नगर प्रहरी नियुक्त गर्नेछ ।

(६) (१) खुला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु:

(क) नगर प्रहरी निरिक्षकका लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले नगरपालिकाले तोके बमोजमको फाराम भरी पदपूर्ति समितिमा निवेदन दिन सक्नेछन् ।

१) दरखास्त आह्वान भएको सालको बैसाख १ गते २१ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको ।

२) स्वीकृत विश्वविद्यालयबाट घटीमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।

३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय पाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुका लागि घटीमा ५ फिट र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको ।

७) छाती नफुलाउदा घटीमा ३१ ईन्च र फुलाउदा ३३ ईन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।
(ख) खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरिक्षकको लागि आवस्यक न्यूनतम योग्यता:
१) दरखास्त आह्वान गरेको सालको बैसाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको र बहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।
२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको र
३) अन्य ६(१) क अनुसार हुनेछ ।
ग) खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी जवान र नगर प्रहरी सहयोगीको योग्यता देहाय बमोजिम हुनेछ ।
१) नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा नियुक्त हरन चाहने उमेदवारले नगरपालिकाले तोकेबमोजिमको फाराम भरी पदपूर्ति समितिमा निवेदन दिनुपर्नेछ ।
२) ग(१) बमोजिमको निवेदन दिने उमेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ ।
क)नगर प्रहरी जवान पदका लागि छनौट हुने सालको बैसाख १ गते १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको तथा नगर प्रहरी सहयोगी पदका लागि छनौट हुने सालको बैसाख १गते १८ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।
ख) नगर प्रहरीको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रबेशिका र नगर प्रहरी सहयोगी आठ कक्षा पास गरेको ।
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
घ) राजनीतिक पार्टीको सदस्य नभएको ।
ङ) कुनै विध्वंशात्मक संस्थाको सदस्य नभएको ।




च) स्वीकृत प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
छ) आखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
ज) छाती फुलाउदा घटीमा ३० ईन्च र फुलाउदा ३२ ईन्च भएको ।
झ) नेपाली नागरिक ।
ञ) महिलाको घटीमा ५ फिट र पुरुषका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको ।

(२) उपदफा (१) बमोजिम नगर प्रहरीको कुनै पनि तहमा नियुक्त गर्दा नेपाल प्रहरी, ससस्त्र प्रहरी बल एवं नेपाली सेनाको सोही पदबाट निबृत भएका ब्यक्तिहरुलाई नगरकार्यपालिकाको निर्णयानुसार निश्चित योग्यता तोकी आवस्यक प्रक्रिया पुर्‍याई पदपूर्ति समितिको सिफारिसमा समावेस गर्न सकिनेछ ।
७. नगरपालिकाको निर्देसन र नियन्त्रणमा रही नगर प्रहरीले कार्य गर्नु पर्नेछ ।
८. नगर प्रहरी र अन्य पदहरुमा नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशाशकीय अधिकृतले नियुक्त गर्नेछन् ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको कर्तब्य र अधिकार

९. नगर प्रहरीको कर्तब्य र अधिकार: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ (क) २ अनुसारको कार्यको साथसाथै देहायको कार्य गर्नु नगर प्रहरीको कर्तब्य र अधिकार हुनेछ ।
१. सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल ब्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफैं

हटाई हटाउन लाग्ने खर्च सम्बन्धित ब्यक्तिबाट असुल उपर गर्न पेस गर्ने ।

२. नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेस गर्ने ।

३. नगरपालिका भित्र अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन नगर प्रमुख समक्ष पेस गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

४. छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पसु ब्यवस्थापन गर्ने, गराउने ।

५. स्वास्थ्य लागि हानिकारक चिज तथा सडेगलेको खाद्यपदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिजबस्तु बिक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गर्न गराउन राय साथ पेस गर्ने ।

६. रोगी वा कानुनले निशेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्नुका साथै जरिवाना समेत गर्न राय साथ पेस गर्ने ।

७.छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेका जिवजन्तु समयमै गाड्न लगाउने ।

८. वडा समिति, टोल सुधार समिति, सामुदायिक प्रहरी संगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक बिकृति हटाउने कार्य गर्ने गराउने ।





९. ईजाजत विना पेशा, ब्यवसाय गरेको फेला परेमा पेशा ब्यवसायको दर्ता/नविकरण गर्न लगाउने ।

१०. नगरपालिकाका ईक्विपमेन्टहरुलाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउमा तुरुन्त राहात कार्यमा सहयोग पुर्‍याउने ।

११. विपद्, महामारी भएमा उद्दारका तथा राहतका लागि तुरुन्त खटी जाने ।

१२.नगरपालिका अन्तर्गतका शाखा, उपशाखा, तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयनका लागि सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

१३. माथी तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

१४. सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने र अतिक्रमणबाट जोगाउने ।

१४.नगर प्रमुखले आदेश दिएका कार्यहरु ।

१५.नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ४
## विविध

१०. नगर प्रहरीको सेवा सुबिधा सम्बन्धि ब्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

११. नगरप्रहरीका लागि छुट्टै प्रकृतिको पोषाकको ब्यवस्था गरिनेछ ।

११. यो कार्यविधि कार्यान्वियन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा यस कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै ब्यवस्था गर्न आवस्यक परेमा परशुराम नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति : २०७५/६/१२**

**आज्ञाले**
**ईश्वरलाल शाक्य**
**प्रमुख प्रशासकीय अधिकृत**